# समुदायमा आधारित वन समूहहरूमा सुशासन सुधार :
## *कोशी पहाडी जिल्लाहरूमा भएका प्रयास तथा सिकाइ*

जैलबकुमार राई[१], मथुरा खनाल[२], टेकबहादुर वरुवाल[३], विनय शाह[४], सुमित गौतम[५]

## १. परिचय

### १.१ पृष्ठभूमि

नेपालमा सन् १९५० देखि १९७० को दशकका बीचमा वन क्षेत्रको विनाश तीव्र भयो (Ives and Messerli 1989, Graner 1997, Gautam *et al.* 2004)। उक्त वन विनाशका आधारमा विश्व बैङ्कको एक अध्ययनले नेपालमा वन विनाश यही क्रममा भयो भने आगामी दुई तीन दशकमा नेपालका धेरै जसो भूभागहरू मरूभूमि बन्ने भविष्यवाणी सार्वजनिक गऱ्यो (Ives and Messerli 1989)। तर असीको दशकपछि नेपालमा वन व्यवस्थापनको ढाँचामा परिवर्तन भयो र उक्त परिवर्तित व्यवस्थापनको ढाँचाले समुदायमा आधारित वन व्यवस्थापनको सैद्धान्तिक तथा व्यवहारिक अभ्यासको सुरुआत गऱ्यो। उक्त परिवर्तित ढाँचाले वन क्षेत्रको संरक्षण तथा व्यवस्थापनका लागि स्थानीय समुदायहरूलाई सहभागी गराउनु पर्ने कुरा स्थापित गऱ्यो। उक्त अभ्यासले विश्व बैङ्कको अध्ययनले गरेको भविष्यवाणीलाई नै चुनौती दिने काम गऱ्यो। फलस्वरूप समुदायमा आधारित वन व्यवस्थापनको नीति तथा कार्यक्रमहरू बन्दै गयो (Graner 1997, Acharya 2002, Gautam *et al* 2004 and Chhetri 2006) .

समुदायमा आधारित वन व्यवस्थापन प्राकृतिक स्रोत व्यवस्थापनका लागि एक उत्तम उपायका रूपमा चिनिएको छ। नेपालको सन्दर्भमा सामुदायिक वन उपभोक्ता समूह (सावउस) को अवधारणा तथा अभ्यास प्राकृतिक स्रोत व्यवस्थापनका लागि एक सफल अभ्यासका रूपमा लिने गरिएको छ। यसको एक मात्रै प्रमुख कारण भनेको स्रोतको संरक्षण तथा व्यवस्थापनमा स्थानीय समुदायको सहभागिता हो। हालसालै सार्वजनिक भएको अध्ययनले नेपालमा विगत दुई दशक (सन् १९९० देखि २०१०) का बीचमा वनको क्षेत्रफल ४० प्रतिशतबाट बढेर ४४ प्रतिशत पुगेको छ (DFRS 2015)। यस तथ्याङ्कले नेपालमा समुदायमा आधारित वन व्यवस्थापनको अवधारणा तथा अभ्यास सफल भएको कुरा प्रमाणित गरेको छ। तर, यसको अर्थ नेपालमा समुदायमा आधारित वन व्यवस्थापनमा कुनै कमी तथा कमजोरीहरू छैनन् भन्ने चाहिँ  कदापि होइन (Graner 1997, Graner 1999, Hill 1999, Mall *et al.* 2003, Gautam *et al.* 2004, Chhetri 2006 and Mahanty *et al.* 2006)। सफल व्यवस्थापनका लागि समुदायमा आधारित वन व्यवस्थापनका अभ्यासहरूमा सुधार गर्नुपर्ने धेरै पक्षहरू छन् (MSCFP 2011, MoFSC 2013, LFP 2013 and MoFSC 2014)।

समुदायमा आधारित वन व्यवस्थापनको सफलताको एक प्रमुख आधार भनेको वन समूहहरूको सुशासनको

१ लेखक हाल (विद्यावारिधिका शोधार्थी ) त्रिभुवन विश्व विद्यालय, मानवशास्त्र केन्द्रीय विभाग कीर्तिपुरमा अध्यापन गराउनुका साथै फरेष्टएक्सन नेपालमा अनुसन्धानकर्ताका रूपमा कार्यरत छन्।

२ लेखक कोशी पहाडी जिल्लामा सञ्चालित बहुसरोकारवाला वन कार्यक्रममा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, जीविकोपार्जन सुधार र सुशासन विज्ञका रूपमा कार्यरत छन्।

३ लेखक कोशी पहाडी जिल्लामा सञ्चालित बहुसरोकारवाला वन कार्यक्रमका लागि सङ्खुवासभा जिल्लामा जिल्ला संयोजकका रूपमा कार्यरत छन्।

४ लेखक कोशी पहाडी जिल्लामा सञ्चालित बहुसरोकारवाला वन कार्यक्रमका लागि सङ्खुवासभा जिल्लामा जिल्ला संयोजकका रूपमा कार्यरत छन्।

५ लेखक कोशी पहाडी जिल्लामा सञ्चालित बहुसरोकारवाला वन कार्यक्रमका लागि तेह्रथुम जिल्लामा जिल्ला संयोजकका रूपमा कार्यरत छन्।

अवस्था हो । यसकारण वन समूहहरूमा सामुदायिक अवधारणको विकाससँगै ती समूहहरूमा सुशासन सुधार गर्ने काम सबै सरोकारवालाहरूका लागि एक प्राथमिताको विषय बन्दै आएको छ । यस लेखमा नेपालका कोशी पहाडी चार जिल्ला (धनकुटा, तेह्रथुम, भोजपुर र सङ्खुवासभा) करिब तीन वर्ष (सन् २०१३ मार्चदेखि २०१६ मे) का बीचमा स्थानीय वन समूहहरूको सुशासन सुधार गर्नका लागि भएका पहल, यसका प्रक्रियाहरू तथा उपलब्धिका साथै चुनौतीहरूका बारेमा छलफल गर्ने प्रयास गरिएको छ ।

## १.२ नेपालमा समुदायमा आधारित वनको अवस्था

वन ऐन, २०४९ मा उल्लेख भए अनुसार सामुदायिक वन, कबुलियती वन, साझेदारी वन, संरक्षित वन, तथा धार्मिक वनहरूलाई समुदायमा आधारित वनका रूपमा लिन सकिन्छ । तर सामान्यतयाः समुदायमा आधारित वन व्यवस्थापन भन्ने वित्तिकै सावउसहरूलाई नै सम्झिने गरिन्छ । यसको पहिलो कारण भनेको नेपालमा सामुदायिक वन समूहहरूको सङ्ख्या तुलनात्मक रूपमा धेरै हुनु हो । दोस्रो, ती वन समूहहरूसँग संलग्न वा सम्बन्धित घरधुरीहरूको सङ्ख्या धेरै हुनु हो । तेस्रो, ती वन क्षेत्रहरू नेपालको भौगोलिक (हिमाल, पहाड, तराई) तथा प्रशासनिक हिसाबले (जिल्लाहरू) पनि सबै ठाउँहरूमा रहनु हो । चौथो, सावउसहरूले ओगटेको क्षेत्रफल तुलनात्मक रूपमा निकै धेरै हुनु र ती क्षेत्रमा उपलब्ध प्राकृतिक स्रोतहरूसँग वरिपरि रहेका समुदायहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक सम्बन्ध रहनु हो ।

**तालिका १ः नेपालमा समुदायमा आधारित वनको अवस्था (सन् २०१३ को जुलाई सम्मको तथ्याङ्क)**

| | | सङ्ख्या | संलग्न घरधुरीहरू | क्षेत्रफल (हे.) |
|---|---|---|---|---|
| १ | सामुदायिक वन | १८,१३३ | २,२३७,१९५ | १,७००,०४८ |
| २ | साझेदारी वन | २० | | ५६,६३७ |
| ३ | कबुलियती वन | ७,४१३ | ७४,९५० | ४२,७७३ |
| ४ | संरक्षित वन | ८ | | १,३३,७५८ |

स्रोत : MoFSC/GoN 2014

नेपालमा सावउसहरूको सङ्ख्या, क्षेत्रफल तथा ती वनहरूसँग सम्बन्धित घरधुरीहरूको सङ्ख्या निकै धेरै भएको कारण ती वन समूहहरूमा सुशासन सुधार गर्ने कुरा महत्त्वपूर्ण विषय बनेको छ । कोशी पहाडी चार जिल्लामा पनि वनसँग सम्बन्धित विभिन्न परियोजना तथा कार्यक्रमहरूले विभिन्न क्रियाकलापहरूका माध्यमबाट वन समूहहरूको सुशासन सुधार गर्ने प्रयास गर्दै आएको छ (See: Carter *et al.* 2011, LFP 2013) । हाल सञ्चालन भइरहेको बहुसरोकारवाला वन कार्यक्रमले पनि सामुदायिक वन समूहहरूमा सुशासन सुधार गर्नका लागि विभिन्न क्रियाकलापहरू सञ्चालन गर्दै आएको छ ।

## १.३ सामुदायिक वन समूहहरूका लागि सुशासन के हो ?

यस लेखमा सावउसहरूमा हुने वन व्यवस्थापनका विभिन्न अभ्यासहरूका आधारमा सुशासनको विश्लेषण गर्ने प्रयास गरिएको छ । हालसम्मका अभ्यासहरूलाई हेर्दा सामुदायिक वनमा सुशासन भनेको वन समूहहरूमा पारदर्शिता, सहभागिता, जवाफदेहिता, प्रभाकारिता तथा विधिको शासन जस्ता पाँचवटा कुराको अवस्थालाई बुझ्ने गरिएको छ । उक्त अवधारणालाई सामुदायिक वन उपभोक्ता महासङ्घ नेपाल (फेकोफलन) तथा अन्य वन क्षेत्रका सरोकारवालाहरूले पनि प्रयोग गर्दै आएका छन् ।

**चित्र १ : नेपालका सामुदायिक वन समूहहरूमा सुशासन आँकलनका आधारहरू**




स्रोत : फेकोफन २०६७, खतिवडा २०६९ र राई र भण्डारी २०७१ मा आधारित

सावउसहरूमा उल्लिखित पाँचवटा विषयको अवस्था राम्रो हुनुलाई सामान्यतयाः उक्त वन समूहको सुशासन राम्रो छ भन्ने अर्थ लाग्दछ । यो लेख यही अवधारणाहरूलाई आधार मान्दै कोशी पहाडी चार जिल्लामा सञ्चालित वन परियोजनाका क्रियालापहरूको प्रभावकारिताको विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## १.४ अध्ययनको विधि

यो लेख कोशी पहाडी चार जिल्लाका केही सावउसहरूमा गरिएको स्थलगत अवलोकन, छलफल तथा सम्बन्धित सन्दर्भ सामग्रीहरूको पुनरावलोकनमा आधारित छ । स्थलगत अवलोकन अन्तर्गत वन परियोजनासँग सम्बन्धित विभिन्न क्रियाकलापहरू सञ्चालन भएका सावउसहरूमा गई ती क्रियाकलापहरू सञ्चालन गर्नका लागि सहजीकरण गर्ने, ती क्रियाकलापहरू सञ्चालन भइरहेको समयमा विभिन्न औपचारिक तथा अनौपचारिक छलफल र अन्तरक्रियाहरूमा भाग लिने, साथै क्रियाकलापहरू सञ्चालन भइसकेका वन समूहहरूमा सञ्चालित क्रियाकलापहरूको प्रभावकारिताको अवलोकन गरिएका छन् । सम्बन्धित क्रियाकलापहरूका लाभान्वित घरधुरी तथा व्यक्तिहरू, कार्यक्रमसँग सम्बन्धित स्थानीय कर्मचारी तथा सामाजिक परिचालकहरू, र स्थानीय स्तरका अन्य सरोकारवाला निकायका प्रतिनिधिहरूसँग पनि छलफल गरिएको छ । साथै सम्बन्धित कार्यक्रमको सम्पूर्ण प्रतिवेदनहरू तथा यस लेखसँग सम्बन्धित लेख, रचना र अन्य सन्दर्भ सामग्रीहरूको पुनरावलोकन समेत गरिएको छ ।

# २. वन समूहहरूमा सुशासन सुधारः कोशी पहाडी जिल्लाहरूमा भएका सिकाइ

## २.१ समुदायमा आधारित वन समूहहरूको अवस्था

कोशी पहाडी जिल्लाहरू वन परियोजनाको हिसाबले सुरुआतदेखि नै प्राथमिकतामा पर्दै आएका क्षेत्र हुन् । यस क्षेत्रमा खार्डेप, नुक्सेफ, एलएफपी (See: LFP 2013)

हुँदै हाल बहुसरोकारवाला वन कार्यक्रम सञ्चालन भइरहेको छ। यस क्षेत्रमा समुदायमा आधारित वन समूहहरूको सङ्ख्या तथा तिनीहरूले ओगटेको क्षेत्रफल पनि तुलनात्मक रूपमा निकै ठूलो छ।

**तालिका २ : कोशी पहाडी जिल्लाहरूमा समुदायमा आधारित वनको क्षेत्रफल (हेक्टरमा)**

| प्रकार | भोजपुर | तेह्रथुम | सङ्खुवा सभा | धनकुटा | कूल | % |
|---|---|---|---|---|---|---|
| सामुदायिक वन | ३९०२५.६ | १७१६१.५ | ३०२६०.० | २८९२१.१ | ११५३६८.२ | ५०.० |
| कबुलियती वन | ७८४.० | १२१.६ | ४.९ | ०.० | ९१०.५ | ०.४ |
| निजी वन | ३१.२ | ९.३ | ९.९ | ६३.५ | ११३.९ | ०.० |
| धार्मिक वन | ०.० | ०.० | ११.३ | ३७.७ | ४९.० | ०.० |
| सरकारद्वारा व्यवस्थित वन | ३६७००.६ | ७३३५.६ | ४६८९१.० | ५४.१ | ९०९८१.४ | ३९.४ |
| संरक्षित क्षेत्र | ०.० | ०.० | २३३००.२ | ०.० | २३३००.२ | १०.१ |
| **कूल** | ७६५४१.४ | २४६२८.० | १००४७७.३ | २९०७६.५ | २३०७२३.२ | १००.० |

स्रोत : DFO-Bhojpur 2069 BS; DFO-Tehrathum 2069; DFO-Sankhuwasabha 2069; DFO-Dhankuta 2069. cited in DVN and NPRMS 2013

तालिका २ मा उल्लेख भएको तथ्याङ्कले कोशी पहाडी जिल्लाहरूमा सावउसले ओगटेको क्षेत्रफल तुलनात्मक रूपमा निकै धेरै भएको कुरा स्पष्ट देखाएको छ।

यी जिल्लाहरूमा कूल १५२५ सावउस, २९२ कबुलियती वन, १२३ निजी वन, ७ धार्मिक वन र १ संरक्षित क्षेत्र (सङ्खुवासभा जिल्लामा रहेको मकालु बरुण राष्ट्रिय निकुञ्ज) रहेका छन्। वन व्यवस्थापनका उल्लिखित सङ्ख्याहरूसँग आबद्ध भएका घरधुरीहरूको सङ्ख्या हेर्दा सावउससँग मात्रै १४७८५६ घरधुरी संलग्न भएका छन् भने कबुलियती वनमा २६२६ घरधुरी संलग्न भएका छन् (जिवका धनकुटा २०७२, जिवका तेह्रथुम २०७२, जिवका भोजपुर २०७२, जिवका सङ्खुवासभा २०७२)।

**तालिका ३: कोशी पहाडी जिल्लाहरूमा समुदायमा आधारित वन तथा उपभोक्ता घरधुरीको सङ्ख्या**

| | प्रकार | भोजपुर | तेह्रथुम | सङ्खुवासभा | धनकुटा | कूल |
|---|---|---|---|---|---|---|
| १ | सामुदायिक वन | ५३१ | ३३३ | २८४ | ३७७ | १५२५ |
| २ | कबुलियती वन | १८८ | १०० | ४ | | २९२ |
| ३ | निजी वन | ४३ | १५ | १२ | ५३ | १२३ |
| ४ | धार्मिक वन | २ | | २ | ३ | ७ |
| ५ | संरक्षित क्षेत्र | | | १ | | १ |
| | **कूल** | ७६४ | ४४८ | ३०३ | ४३३ | १९४८ |

स्रोत : जिवका–धनकुटा २०७२, जिवका–तेह्रथुम २०७२, जिवका–भोजपुर २०७२, जिवका–सङ्खुवासभा २०७२

## २.२ वन परियोजनाबाट लाभान्वित वन समूहहरू

कोशी पहाडी जिल्लाहरूमा रहेका वन समूहहहरू मध्ये के कति वन समूहहरूमा वन परियोजनाका क्रियाकलापहरू सञ्चालन भएका छन् भन्ने कुराको यकिन तथ्याङ्क यस लेखमा समावेश गर्न सकिएको छैन । यद्यपि, कोशी पहाडी जिल्लाहरूमा विगत लामो समयदेखि विभिन्न वन परियोजनाहरू सञ्चालन भएका कारण पनि यस क्षेत्रमा रहेका बहुसङ्ख्यक वन समूहहरू कुनै न कुनै रूपमा वन परियोजनाहरूबाट लाभान्वित भएको अनुमान लगाउन सकिन्छ । जस्तैः– दश वर्षे एलएफपी अन्तर्गतका क्रियाकलापबाट मात्रै कोशी पहाडी चार जिल्ला लगायत देशका कूल १५ वटा जिल्लामा कूल ५,००० भन्दा बढी सावउसहरू लाभान्वित भएका छन् (LFP 2013:14) । यसै गरी हाल सञ्चालित बहुसरोकारवाला वन कार्यक्रमकै कुरा गर्दा पनि जिल्लाको कम्तीमा ३३ प्रतिशत वन समूहहरूमा यो कार्यक्रम पुर्‍याउने लक्ष्य भएको कारण पनि कम्तीमा जिल्लाका ३३ प्रतिशत वन समूहहरू लाभान्वित भएको अनुमान लगाउन सकिन्छ ।

**तालिका ४ : बहुसरोकारवाला वन कार्यक्रम सञ्चालन भएका गाविस, सावउस तथा सावउसहरूको सङ्ख्या**

| जिल्लाहरू | गाविसहरू | | नगरपालिका | | सावउस | | |
|---|---|---|---|---|---|---|---|
| | कूल | लाभान्वित | कूल | लाभान्वित | कूल | लाभान्वित | सघन वन |
| धनकुटा | २८ | २७ | २ | २ | ३७७ | २२६ | ५३ |
| तेह्रथुम | २१ | १६ | २ | २ | ३३३ | १५५ | ४३ |
| सङ्खुवासभा | २५ | ९ | ३ | ३ | २८४ | १३६ | ४५ |
| भोजपुर | ५४ | ४४ | २ | २ | ५३९ | ३२८ | ७५ |
| **कूल** | १२८ | ९६ | २ | ९ | १५३३ | ८४५ | २१६ |
| **%** | | ७५.०० | | | | ५५.१२ | १४.०९ |

स्रोत : RRN/FA 2015 and 2016, जिवका धनकुटा २०७२, जिवका तेह्रथुम २०७२, जिवका भोजपुर २०७२, जिवका सङ्खुवासभा २०७२

यो कार्यक्रम सिद्धान्ततः कार्यक्रम सञ्चालन भएका गाउँ विकास समिति (गाविस) मा रहेका कूल सावउसहरू मध्ये कम्तीमा ७० प्रतिशत सावउसमा पुग्नुपर्ने हुनाले लाभान्वित घरधुरी हुनुपर्दछ । हालसम्म उपलब्ध तथ्याङ्क अनुसार कूल ८४५ सावउसहरु यस कार्यक्रमका विभिन्न क्रियाकलापहरूबाट लाभान्वित भइसकेका छन् भने २१६ सावउसमा सघन वनका[६] रूपमा विभिन्न क्रियाकलापहरू सञ्चालन भएका छन् । यसकारण तालिका ४ ले बहुसरोकारवाला वन कार्यक्रमको लाभान्वित वन समूहको सङ्ख्या ठूलै भएको देखाएको छ ।

## २.३ वन परियोजना सञ्चालनको ढाँचा

कोशी पहाडी जिल्लाहरूमा वन परियोजनाहरू सञ्चालनको ढाँचा समय अन्तरालमा परिवर्तन हुँदै आएको देखिन्छ। नुकसेफ तथा एलएफपी अन्तर्गतका क्रियाकलापहरू डिएफआइडीले स्थानीय वन समूह तथा स्थानीय सङ्घ संस्थाहरूसँगको साझेदारितामा प्रत्यक्ष रूपमा सञ्चालन गरेको थियो भने (LFP 2013) बहुसरोकारवाला वन कार्यक्रम भने विभिन्न सङ्घ संस्थाहरूलाई (खासगरी राष्ट्रिय स्तरका) कार्यक्रम सञ्चालन गर्ने साझेदार संस्थाका

६ सघन वन भन्नाले बहुसरोकारवाला वन कार्यक्रम अन्तर्गतका चार प्रकारका क्रियाकलाप सञ्चालन गर्नका लागि छानिएका वन समूहहरू हुन् । चार प्रकारका क्रियाकलाप भन्नाले जीविकोपार्जन, जलवायु अनुकूलन, वन व्यवस्थापन, तथा वन समूहको संस्थागत विकास पर्दछन् ।

रूपमा लिई कार्यक्रमको सञ्चालन गर्दै आएको छ ।[७] बहुसरोकारवाला वन कार्यक्रम अन्तर्गत वन समूहहरूमा सुशासन सुधारका लागि सामान्यतयाः तीन तहमा क्रियाकलापहरू सञ्चालन भएका छन् ।

**चित्र २ : वन समूहहरूमा सुशासन सुधार प्रयासका ढाँचा तथा प्रक्रियाहरू**




सबैभन्दा माथिल्लो तहको रूपमा जिल्ला स्तरका सरोकारवालाहरूसँग संलग्न भई सामुदायिक वन समूहहरूको सुशासन सुधारमा योगदान पुऱ्याउने प्रयास गरिएको छ । यसका लागि जिल्ला स्तरीय बहुसरोकारवाला वन समन्वय समिति (जसलाई अङ्ग्रेजीमा District Forestry Sector Coordination Committee वा DFSCC भनिएको छ) को बैठकहरूमा बहुसरोकारवाला वन कार्यक्रमका बारेमा छलफल गर्ने, क्रियाकलापहरूको अनुमोदन गराउने, सम्पन्न भएका कार्यक्रमका बारेमा जिल्ला स्तरमा सार्वजनिक सुनुवाइ गर्ने, जिल्ला स्तरीय बहुसरोकारवाला निकायहरूको संलग्नतामा कार्यक्रमको अनुगमन गर्ने जस्ता क्रियाकलापहरू सञ्चालन गरिएका छन् । दोस्रो स्तरका क्रियाकलापका रूपमा गाविस स्तरीय बहुसरोकारवाला समन्वय समितिको गठन गर्ने कामको पहल तथा यसका लागि सहजीकरण गर्ने, तथा उक्त समन्वय समितिलाई बहुसरोकारवाला वन कार्यक्रमको गाविस स्तरीय सम्पूर्ण क्रियाकलापहरूको सञ्चालनका लागि समन्वयकारी भूमिका निर्वाह गर्नका लागि क्षमता अभिवृद्धि गर्ने काम गरिएको छ । यस समितिले सम्बन्धित गाविसहरूमा बहुसरोकारवाला वन कार्यक्रम सञ्चालन गर्नका लागि सामुदायिक वन समूहहरूको

७ कूल तीन वर्ष चार महिना (२०६९ चैतदेखि २०७३ साउन)का लागि सञ्चालन भइरहेका बहुरोकारवाला वन कार्यक्रमका क्रियाकलापहरूलाई दुई चरण (पहिलो र दोस्रो चरण)मा विभाजन गरेर हेर्न सकिन्छ । पहिलो चरण अन्तर्गत सन् २०१२ मार्चदेखि २०१५ मार्चसम्म र दोस्रो चरण अन्तर्गत मार्चदेखि २०१६ जुलाइसम्मको अवधि पर्दछ । कूल २१ जिल्लालाई छ समूह वा लटहरूमा विभाजन गरी सञ्चालन भइरहेको यो कार्यक्रम कोशी पहाडी चार जिल्ला (जसलाई लट एक भनिएको छ) भने नेपाल ग्रामीण पुनःनिर्माण संस्था (आरआरएन) र फरेष्टएक्सन नेपालले जिल्ला स्तरका संस्थाहरूसँगको साझेदारीमा सञ्चालन गर्दै आएको छ । दोस्रो चरणका क्रियाकलापहरूको सञ्चालनको ढाँचा पहिलो चरण भन्दा केही फरक छ । यस चरणमा कार्यक्रम सञ्चालन गर्नका लागि छानिएका सावउसका उपभोक्ताहरूले आफ्नो वन समूहमा वन समूहहरूले आफ्नो समूहको स्वमूल्याङ्कन गरी उक्त स्वमूल्याङ्कनका आधारमा तत्कालीन् (एक वर्षको) तथा दीर्घकालीन (पाँच वर्ष सम्मको) योजना तयार गरी लागू गर्दै आएका छन् । उक्त योजनामा उल्लेख भएका तत्कालीन् क्रियाकलापहरू सम्पन्न गर्नका लागि बहुसरोकारवाला वन कार्यक्रमले केही सहयोग प्रदान गर्दै आएको छ । यी सम्पूर्ण प्रक्रियाहरूमा स्थानीय साझेदार सङ्घ संस्थाका स्थानीय सहजकर्ता तथा कर्मचारीहरूले मध्यस्तता गर्ने काम गर्दछन् ।

छनौट गर्ने, गाविस स्तरीय सार्वजनिक सुनुवाइ गर्ने, तथा अन्य निकायहरूसँग सम्भावित साझेदारिताका लागि समन्वय गर्ने काम भएको छ। तेस्रो स्तरका क्रियाकलापका रूपमा सुशासन सम्बन्धी अनुशिक्षणको कार्यक्रम तथा तालिमहरूको आयोजना गर्ने, महिला तथा अति विपन्न घरधुरीहरूको उपसमूह (जसलाई अङ्ग्रेजीमा Disadvantaged Group [DAG] वा ड्याग ग्रुप भनिन्छ) गठन गरी उक्त उपसमूहहरूको माध्यमबाट सामुदायिक वन तथा गाविसमा रहेका विभिन्न निकायहरूमा उनीहरूको माग तथा आवश्यकताहरूको उठान गर्ने, समूह स्तरका सार्वजनिक सुनुवाइ तथा सार्वजनिक लेखा परीक्षण कार्यक्रमहरूको आयोजना गर्ने जस्ता क्रियाकलापहरू रहेका छन् ।

## २.४ वन परियोजनाबाट लाभान्वित घरधुरीहरू

वन परियोजनाबाट लाभान्वित घरधुरीहरूको यकिन तथ्याङ्क प्राप्त गर्ने कुरा त्यति सहज नभए पनि विभिन्न परियोजनाहरूले आफूले सञ्चालन गरेका परियोजनाका लाभान्वित घरधुरीहरूको सङ्ख्या यथासक्दो धेरै बनाउन चाहन्छन् । एलएफपी अन्तर्गत सञ्चालन भएका क्रियाकलापहरूबाट मात्रै करिब ६,५२,००० घरधुरी प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा लाभान्वित भएको कुरा उल्लेख भएको छ (LFP 2013:16) । एलएफपी तथा नेपाल स्विस सामुदायिक वन परियोजना (NSCFP) दुबै कार्यक्रमबाट कूल ७,२२५ सावउसमा आबद्ध कूल ७,५४,९०० घरधुरी लाभान्वित भएका छन् भनी उल्लेख गरिएको छ (NCSP 2011:1) । उक्त तथ्याङ्क भित्र कोशी पहाडी जिल्लाका वन समूह तथा ती समूहहरूमा आबद्ध घरधुरीहरू पनि पर्दछन् । त्यसैगरी हाल कोशी पहाडी जिल्लाहरूमा सञ्चालित बहुसरोकारवाला वन कार्यक्रमबाट गत सन् २०१५ को अन्तसम्म सुशासन सुधारका लागि सञ्चालन गरिएका क्रियाकलापहरूबाट मात्रै पनि कूल ३१,८५४ व्यक्ति लाभान्वित भएका छन् ।

## २.५ वन परियोजनाका सकारात्मक प्रभावहरू

वन समूहहरूमा सुशासन सुधारका लागि सञ्चालन गरिएका क्रियाकलापहरूले स्थानीय वन समूहहरूमा केही सकारात्मक प्रभावहरू पारेको देखिन्छ। केही प्रमुख प्रभावहरूको चर्चा तल गरिएको छ ।

**(क) समावेशी सहभागिताको विकास :** स्थानीय वन समूहका कार्यसमितिको संरचना समावेशी हुनुपर्ने कुरा सामुदायिक वनको नीतिगत तथा कानूनी अनिवार्यता हो । उक्त कुरा विभिन्न वन नीति, कानून, नियमावली तथा मार्गदर्शनहरूमा स्पष्ट रूपमा उल्लेख गरिएका छन् । यसकारण कानूनतः सावउसका कार्यसमितिहरूमा महिला लगायत समुदायमा भएका विविधताको प्रतिनिधित्व हुनु पर्दछ। कोशी पहाडी जिल्लाहरूमा सञ्चालित वन परियोजनाहरूले स्थानीय वन समूहहरूमा सुशासन सुधारका लागि विभिन्न प्रकारका क्रियाकलापहरू सञ्चालन गर्दै आएका छन् । जसमध्ये बहुसरोकारवाला वन कार्यक्रम अन्तर्गत पनि विभिन्न प्रकारका क्रियाकलापहरू सञ्चालन भएका छन् । ती क्रियाकलापहरूले एकतिर वन समूहका कार्यसमितिको संरचनामा समावेशिताको विकास गरेको छ भने अर्कोतिर वनसँग सम्बन्धित विभिन्न भेला, छलफल, तालिम तथा गोष्ठीहरूमा समुदायका सबै तह, वर्ग, लैङ्गिक समूह, तथा जातजातिहरूको सहभागिता बढाएको छ । भोजपुर जिल्ला बोखिम गाउँ स्थित भवेखु-चिसापाखा-पिप्ले सावउसका अध्यक्ष प्रतीक्षा श्रेष्ठले वि.सं.२०७२ को फागुन महिनामा भएको साधारण सभामा समुदायका सबै वर्ग तथा समूहका सदस्यहरूको उल्लेखनीय सहभागिताका बारेमा जिज्ञासा राख्दा यसरी प्रतिक्रिया दिइन्,

> *"......विभिन्न प्रकारका घरायसी कामका बाबजुद पनि आजभोलि हाम्रो वन समूहका बैठक तथा छलफलहरूमा दिदी बहिनी तथा दाजुभाइहरूको सहभागिता बढेको छ। यसको प्रमुख कारण भनेको विभिन्न वन परियोजनाका माध्यमबाट हाम्रो वन समूहका विभिन्न छलफलहरूमा आउने कर्मचारीहरूले गर्नु भएको सहजीकरण, तालिम तथा जनचेतनामूलक कार्यक्रमहरू हुन्। यसैगरी विभिन्न परियोजनाहरूले दिने गरेका सहयोगहरूले पनि हाम्रा दिदी*

*बहिनी तथा दाजुभाइहरूलाई वन समूहका क्रियाकलापहरूमा सहभागी हुनुपर्ने रहेछ र यसरी सक्रिय रूपमा सहभागी हुँदा अझ धेरै सहयोगहरू पाइने रहेछ भन्ने भावनाको विकास भएको छ । ...”*

**(ख) सुशासनको महत्त्वका बारेमा जनचेतनाको विकास :** सुशासन सुधारका लागि सञ्चालन गरिएका क्रियाकलापहरूले वन समूहहरूमा सुशासन भनेको के हो, यो किन आवश्यक छ, र यसको सुधार कसरी गर्ने भन्ने विषयहरूमा जनचेतनाको विकास गरेको छ । सुशासन सुधारका लागि सञ्चालन गरिएका विभिन्न क्रियाकलापहरूमध्ये सुशासन सम्बन्धी अनुशिक्षण कार्यक्रम, सुशासनको स्वमूल्याङ्कन, तथा सुशासन सुधारका लागि योजनाको निर्माण (दीर्घकालीन तथा तत्कालीन) गर्ने तथा कार्यान्वयन गर्ने क्रियाकलापहरूले समुदायमा थप जनचेतना विकास गरेको छ । सुशासन सुधारका लागि सामुदायिक वन समूहमा सुशासन स्वमूल्याङ्कनका बारेमा भोजपुर जिल्लाको प्याउली गाविस स्थित राँके सावउसका उपभोक्ता गङ्गा तथा जमुना यसो भन्छन्

*“...माकुरीजालो विधिबाट हाम्रो वन समूहको सुशासन अवस्थाको स्वमूल्याङ्कन गरेपछि हाम्रो वन समूहको सुशासन सुधारका बारेमा जानकारी भएको छ । सुशासन सुधारका लागि हाम्रो वन समूहको धेरै कुराहरूमा सुधार गर्नुपर्ने रहेछ भन्ने कुराको जानकारी भएको छ । जसले गर्दा अहिले हाम्रो वन उपभोक्ता सदस्यहरूमा वन सुशासन सुधारको महत्त्वका बारेमा जनचेतनाको विकास भएको छ । अहिले हाम्रो वन समूहका कार्यसमिति सदस्य तथा उपभोक्ताहरूले संयुक्त रूपमा सुशासन सुधारका लागि पहल गर्न थालेका छौँ । हामीले अहिलेसम्म गरेका क्रियाकलापहरूले हामी सबैलाई जिम्मेवारी तथा जवाफदेही हुनुपर्छ भन्ने कुरा सिकाएको छ ।...”*

**(ग) महिलाहरूको नेतृत्व तथा सहभागितामा वृद्धि :** वन समूहहरूमा सुशासन सुधारका लागि सञ्चालन गरिएका क्रियाकलापहरूले वन समूहहरूमा हुने छलफल तथा अन्य क्रियाकलापहरूमा महिलाहरूको सहभागिता बढाउने काम गरेको छ । उदाहरणका रूपमा बहुसरोकारवाला वन कार्यक्रम सञ्चालन भएका प्रायः सबै वन समूहहरूमा महिलाहरूले नेतृत्व लिन थालेका छन् । यसैगरी विभन्न क्रियाकलापहरूमा महिलाहरूको सङ्ख्यात्मक सहभागिता पनि बढ्दै गएको कुरा समुदायका सदस्यहरू बताउँछन् । यसका अलावा, वन समूहहरूमा महिला, दलित, गरिब तथा सामाजिक रूपमा बहिष्करणमा पारिएका समुदायको उपसमूह (ड्याग ग्रुप) बनाई उक्त उपसमूहका माध्यमबाट उनीहरूको अधिकारको विषयलाई समुदायका विभिन्न सभा, भेला, छलफलहरूमा उठान गर्ने प्रयासहरू भएका छन् ।

**तालिका ५ : सघन वनका रूपमा छनौट भएका सावउसहरूमा सामाजिक समावेशीकरणको अवस्था**

| क्र.सं. | जिल्लाहरू | कूल सावउस | सघन वन | अध्यक्ष | | सचिव | | मुख्य पदमा दलित | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला |
| १ | धनकुटा | ३७७ | ५३ | ४६ | ७ | १६ | ३७ | १ | १ |
| २ | तेह्रथुम | ३३३ | ४३ | ४० | ३ | ५ | ३८ | ० | ० |
| ३ | सङ्खुवासभा | २८४ | ४५ | ३९ | ६ | ३९ | ६ | ० | २ |
| ४ | भोजपुर | ५३९ | ७५ | ७० | ५ | ६ | ६९ | ४ | ३ |
| **कूल** | | १५३३ | २१६ | १९५ | २१ | ६६ | १५० | ५ | ६ |

स्रोत : RRN/FA 2015 and 2016, जिवका धनकुटा २०७२, जिवका तेह्रथुम २०७२, जिवका भोजपुर २०७२, जिवका सङ्खुवासभा २०७२, सम्बन्धित सावउस २०१६

बहुसरोकारवाला वन कार्यक्रम सञ्चालनका लागि छनौट गरिएका सघन वन समूहका कार्य समितिहरूमा महिलाको उपस्थिति अध्यक्ष पदमा कम भए पनि सचिव पदमा भने सामान्यतयाः धेरै देखिन्छ। उक्त तथ्याङ्कले वन समूहका कार्यकारी पदहरूमा महिलाहरूको उपस्थिति विस्तारै बढ्दै गएको सङ्केत गर्दछ। स्थानीय वन समूहहरूमा महिलाको क्षमता तथा नेतृत्व विकासका विषयमा भोजपुर जिल्लाको तिवारी भञ्ज्याङ गाविस स्थित हाम्फाला सावउसका सचिव इन्दिरा ढकाल तथा कोषाध्यक्ष माया श्रेष्ठ यसो भन्नुहुन्छ, *"हाम्रो सामुदायिक वनका विभिन्न क्रियाकलापहरूमा नियमित रूपमा सहभागी भएका कारण अब हामी सबै जना सामाजिक काममा सक्रिय हुन सिकेका छौँ"* ।

**(घ) वन समूहहरू पारदर्शी बन्न थालेका :** वन समूहहरूमा सञ्चालन गरिएका विभिन्न छलफल, गोष्ठी, सार्वजनिक लेखा परीक्षण, सार्वजनिक सुनुवाइ, अनुशिक्षण तथा तालिमका क्रियाकलापहरूले स्थानीय सावउसहरू आर्थिक रूपमा पारदर्शी हुनुपर्ने कुराको अनुभूति हुन थालेको छ। यसका साथै उक्त कुराका लागि कसले के गर्नु पर्दछ भन्ने बारेमा समूहमा छलफल गर्ने, योजना निर्माण गर्ने, योजनाको कार्यान्वयन गर्ने, तथा ती क्रियाकलापहरूको कार्यान्वयन गर्ने संस्कृतिको विकास हुन थालेको छ। सञ्चालन भएका वा सम्पन्न भएका क्रियाकलापहरूको सार्वजनिक सुनुवाइ, सार्वजनिक लेखा परीक्षण, स्वमूल्याङ्कन तथा स्वअनुगमन जस्ता क्रियाकलापहरूले वन समूहहरूलाई पारदर्शी बन्नुपर्ने बाध्यता सिर्जना भएको छ। यस विषयमा सङ्खुवासभा जिल्लाको सिद्धकाली गाविस स्थित सल्लेरी सावउसका अध्यक्ष गणेश न्यौपाने भन्छन्,

> *"...हाम्रो वन समूहका सम्पूर्ण क्रियाकलापहरू सम्पूर्ण उपभोक्ताहरूसँगको छलफल तथा उनीहरूको सहमतिकै आधारमा निर्णय गर्ने गर्दछौँ। यसो नगरे न हामीले गरेको काम सफल हुन्छ न त उपभोक्ताहरूले नै मान्छन्। यति मात्रै हैन हामीले यसो नगरेमा हाम्रा सम्पूर्ण क्रियाकलापहरू हामीलाई सहयोग गर्ने सङ्घ संस्थाहरूले पनि स्वीकार गर्दैनन्। ...."*

**(ङ) सहभागितात्मक अभ्यासको सुरुआत :** धेरै सामुदायिक वन समूहहरूमा सहभागिता भन्नाले सञ्चालन भएका क्रियाकलापहरू (भेला, छलफल, गोष्ठी, तालिम आदि) मा भएको उपस्थितिलाई मान्ने चलन छ। तर कोशी पहाडी जिल्लामा सञ्चालित वन परियोजनाहरूले सम्बन्धित क्रियाकलापका सम्पूर्ण चरणहरू (सुरुआतको छलफल, योजनाको निर्माण, योजनाको कार्यान्वयन, क्रियालापहरूको अनुगमन तथा मूल्याङ्कन)मा लाभान्वित घरधुरीहरू संलग्न हुनुपर्ने कुरालाई प्राथमिकतामा राख्दै आएको छ। जसले गर्दा एकातिर सम्बन्धित क्रियाकलापमा उनीहरूको सक्रिय सहभागिता तथा भूमिकाको आवश्यकतालाई अनुभूति गराउने काम भएको छ। अर्कोतिर उनीहरूको सहभागिता अनिवार्य मात्रै हैन महत्त्वपूर्ण पनि हुँदो रहेछ भन्ने कुरा सम्बन्धित सावउसका समिति तथा उपभोक्ता दुवैलाई अनुभूति हुन थालेको छ। उदाहरणका रूपमा भोजपुर जिल्लाको साङपाङ गाविस स्थित महादेव आइतबारे सावउसका सचिव यशोधा थामी आफ्नो वन समूहमा भएको आफ्नो जिम्मेवारी आफैं निर्वाह गर्नुहुन्छ। त्यसैगरी यही गाविसको गढी सावउसका सचिव सुमित्रा थामी पनि आफ्नो जिम्मेवारी सक्रिय रूपमा आफैं निर्वाह गर्छु भन्नुहुन्छ।

**(च) वित्तीय संस्थाहरू मार्फत आर्थिक कारोबार गर्ने अभ्यासको विकास :** ग्रामीण समाजमा रहेका तथा कम आयव्यय भएका धेरैजसो वन समूहहरूको आर्थिक कारोबार वित्तीय संस्थाहरू मार्फत हुन सकेको देखिँदैन। तर वन परियोजनाहरू, जस्तैः– बहुसरोकारवाला वन कार्यक्रमका क्रियाकलापहरू सञ्चालन गर्दा वन समूहका आर्थिक कारोवार वित्तीय संस्थाहरू मार्फत गर्ने काममा प्रोत्साहन गरिएको छ। जस्तैः– बहुसरोकारवाला वन कार्यक्रम अर्न्तगत प्रदान गरिएका आर्थिक अनुदानहरू सम्बन्धित सावउसहरूको बैङ्क खातामार्फत हस्तान्तरण गरिएको छ। वन

समूहको कोषमा सङ्कलन भएको रकमको आर्थिक कारोबार पनि सम्भव भएसम्म बैङ्किङ खाता वा चेकबाट गर्नका लागि प्रोत्साहन तथा सहजीकरण गरिएको छ । वन समूहको नेतृत्व परिवर्तन भए पनि बैङ्किङ कारोबार पुरानो कार्य समितिको नाम अथवा सही छापमा नै चल्दै आएका वन समूहहरूमा नयाँ कार्य समितिको नाम तथा सही छापबाट मात्रै आर्थिक कारोबारहरू गर्नका लागि सहजीकरण गरिदै आएको छ । उदाहरणका रूपमा सङ्खुवासभा जिल्लाको वाना गाविस स्थित खप्टुवा सावउसका वर्तमान अध्यक्ष (नयाँ कार्यसमिति) का अनुसार यस सावउसमा गत २०७२ सालमा कार्यसमितिको पुनर्गठन भयो । कार्यसमितिको पुनर्गठन भए पनि आर्थिक कारोबारका लागि बैङ्कको दस्तखत परिवर्तन नभएसम्म बहुसरोकारवाला वन कार्यक्रमले कुनै आर्थिक अनुदान तथा सहयोग नदिने अडान लियो । फलस्वरूप पुरानो कार्यसमितिले बाध्य भएर आर्थिक कारोबारका लागि बैङ्कको दस्तखत नयाँ कार्यसमितिलाई हस्तान्तरण गर्‍यो । यसपछि मात्रै बहुसरोकारवाला वन कार्यक्रमले उक्त वन समूहलाई जीविकोपार्जन सुधार, वन व्यवस्थापन, जलवायु अनुकूलन, तथा संस्थागत सुधारका लागि प्रदान गर्ने अनुदान तथा सहयोग रकम प्रदान गर्‍यो ।

## २.६ वन परियोजनाका नकारात्मक प्रभावहरू

सुशासन सुधारका प्रयासहरूले स्थानीय वन समूहहरूमा केही नकारात्मक प्रभावहरू पनि पारेको देखिन्छ । केही प्रमुख नकारात्मक प्रभावहरूका बारेमा तल चर्चा गरिन्छ ।

**(क) परियोजनामुखी क्रियाकलापहरूमा निर्भर हुने प्रवृत्तिको विकास :** वन परियोजनाहरू अन्तर्गत सञ्चालन भएका क्रियाकलापहरूले स्थानीय वन समूहहरूलाई परियोजनामुखी क्रियाकलापहरू सञ्चालन गर्ने तथा वनसँग सम्बन्धित कुनै पनि काम गर्नका लागि परियोजनाकै सहयोग तथा सहजीकरणको मुख ताक्ने प्रवृत्तिको विकास गरेको छ। यसको प्रमुख कारण भनेको विगतमा सञ्चालन भएका वन परियोजनाहरूको प्रभाव हो । परिणामस्वरूप वनसँग सम्बन्धित कामहरू त परियोजनाहरूको सहयोग पाए पछि मात्रै गर्ने हो भन्ने भावना तथा अभ्यासहरूको विकास भएको छ। जस्तैः– बहुसारेकारवाला वन कार्यक्रम अन्तर्गतका क्रियाकलापहरू नपुगेका वन समूहहरूमा समेत बहुसरोकारवाला वन कार्यक्रम विस्तार भएपछि हाम्रो सबै कामका लागि उक्त परियोजनाले सहयोग गर्दछ (जस्तैः– विधान कार्ययोजनाको संशोधन गर्ने काम) भन्ने भावनाको विकास भइरहेको छ। उदाहरणको रूपमा भोजपुर जिल्लाको तिम्मा गाविस स्थित हात्तिमारे सावउसका सदस्यहरूले बहुसरोकारवाला वन कार्यक्रम विस्तार भएपछि हाम्रो वन समूहको विधान कार्ययोजनाको परिमार्जन तथा वन समूहको नवीकरण गर्न मद्दत गर्नेछ भनी पर्खि बसेको कुरा बताउँछन् । यसको प्रमुख कारण भनेको यस वन समूहको पहिलो तथा दोस्रो विधान कार्ययोजना तथा उक्त वन क्षेत्रमा भएको लोक्ताको स्रोत मापन (इन्भेन्ट्री) एलएफपीले गरिदिनु हो । जसले गर्दा उक्त वन समूहमा वन समूहको सम्पूर्ण काम वन परियोजनाको हो भन्ने भावनाको विकास भएको छ ।

**(ख) वन समूहको नेतृत्वप्रति स्थानीय स्तरमा नकारात्मक विचारको विकास :** वन समूहहरूमा सुशासन सुधारका लागि सञ्चालन गरिएका विभिन्न क्रियाकलापहरूले स्थानीय वन समूहका नेतृत्वलाई सक्रिय बनाएको छ । उनीहरूको सक्रियता एकातिर स्वैच्छिक (वेतलबी) हुन्छ भने अर्कोतिर वन परियोजनाहरूले पनि नेतृत्वलाई भन्दा समुदायका सबैभन्दा विपन्न तथा गरिब घरधुरीहरूलाई सहयोग गर्न चाहन्छ। जसले गर्दा सैद्धान्तिक रूपमा वन समूहका नेतृत्वहरूले प्रत्यक्ष रूपमा कुनै लाभ पाउँदैनन् । यसरी कुनै पनि लाभ नपाए पनि समुदायका नेतृत्वहरू सक्रिय हुनु पर्दछ तर उनीहरू किन सक्रिय हुन्छन् भन्ने प्रश्न नेतृत्व भन्दा बाहिर रहेका व्यक्तिहरूमा पैदा हुने गरेको छ । फलस्वरूप वन समूहका नेतृत्वले केही न केही त व्यक्तिगत फाइदा लिइरहेको हुनुपर्दछ भन्ने भावना तथा सोचको विकास भएको देखिन्छ । यस विषयमा भोजपुर जिल्लाको तिम्मा गाविस स्थित नयाँखर्क सावउसका एक उपभोक्ताले उक्त वन समूहका अध्यक्ष सुरुआतदेखि हालसम्म पनि निरन्तर रूपमा अध्यक्ष

पदमा रहनुको प्रमुख कारण भनेको उनले विभिन्न परियोजनाहरूबाट केही न केही व्यक्तिगत लाभ प्राप्त गरिरहेको हुनुपर्दछ भन्ने आशयको विचार व्यक्त गरे। यसैगरी यस सावउसका छिमेकी सावउस (हात्तिमारे सावउस) का सदस्य तथा केही उपभोक्ताहरूले पनि यस्तै आशययुक्त अभिव्यक्ति दिएका छन्। उल्लिखित कुराहरूले सावउसका नेतृत्वप्रति केही नकारात्मक विचारहरूको विकास भएको अनुमान लगाउन सकिन्छ।

**(ग) नेतृत्वमा केही वितृष्णा सिर्जना हुदै गएको :** समुदायमा आधारित वन व्यवस्थापनका अभ्यासहरू सिद्धान्ततः लोकतान्त्रिक हुनुपर्दछ। सामान्य अर्थमा भन्नुपर्दा वन समूहका सबै क्रियाकलापहरू समूहका सम्पूर्ण सदस्यहरूको सहभागिता तथा सहमतिका आधारमा गरिनु पर्दछ। एकातिर वन समूह सञ्चालनका प्रक्रियाहरू निकै जटिल तथा कठिन छन् भने अर्कोतिर वन परियोजना तथा वन स्रोतको लाभहरू पनि समुदायका विपन्न तथा गरिबमुखी हुनुपर्दछ। त्यसैगरी वन समूहका सम्पूर्ण कामहरू पारदर्शी बनाउनु पर्ने नीतिगत तथा व्यवहारिक बाध्यता छ। यी कारणहरूले गर्दा वन समूहको नेतृत्व लिनुभन्दा नलिनु नै ठीक भन्ने भावनाको विकास हुन थालेको छ। भोजपुर जिल्लाको तिम्मा गाविस स्थित नयाँखर्क सावउसका अध्यक्ष (६८ वर्षीय आश बहादुर राई) यस वन समूहको स्थापनादेखि निरन्तर रूपमा अध्यक्षको भूमिका निर्वाह गर्दै आएका छन्। उनले दोस्रो कार्यकालदेखि नै नेतृत्व अन्य इच्छुक व्यक्तिलाई हस्तान्तरण गर्न खोजेका हुन् तर उक्त वन समूहका कुनै पनि व्यक्ति हालसम्म उनले सम्हाल्दै आएको पद सम्हाल्न तयार छैनन्। फलस्वरूप उनी उक्त वन समूहको अध्यक्ष पदमा निरन्तर रूपमा निर्विरोध बन्दै आएका छन्। तर समूहमा उनको नेतृत्वको जति प्रशंसा हुन्छ अप्रत्यक्ष रूपमा त्यति नै आलोचना पनि हुने गरेको भेटिन्छ। यस्ता कुराले वन समूहको नेतृत्वमा विस्तारै वितृष्णाहरू पैदा हुन थालेको देखिन्छ।

**(घ) प्रक्रियागत बोझहरू थपिएको :** सावउसहरूमा सुशासन सुधार गर्नु भनेको सम्बन्धित वन समूहले विभिन्न प्रक्रियाहरू अवलम्बन गर्नु हो। जस्तैः– विभिन्न क्रियाकलापहरूमा समुदायका सबै व्यक्तिहरूको सहभागिता सुनिश्चित गर्ने, कार्यसमिति तथा नेतृत्वमा समुदायप्रतिको जवाफदेहिता बढाउने, आफूले गरेको कामको प्रभावकारिता बढाउने, आफूले गरेका सम्पूर्ण क्रियाकलापहरूको आर्थिक पारदर्शिता कायम गर्ने, सम्पूर्ण कामको जस अपजस आफैंले लिने जस्ता कुराहरू पर्दछन्। उल्लिखित कुराहरूका लागि वन परियोजनाहरूले अनेकौं भेला, छलफल, अनुशिक्षण तथा तालिम, गोष्ठी तथा बैठकहरूको आयोजना गर्दै आएका छन्। यसका लागि एकातिर समुदायका सबैलाई उपस्थिति हुन लगाइन्छ भने अर्कोतिर समुदायका नेतृत्वलाई पनि उल्लिखित कुराहरू सुनिश्चित गर्न बाध्यकारी अवस्थाहरूको सिर्जना गर्ने काम गरिन्छ। यी दुवै प्रक्रिया वास्तवमा वन समूहका उपभोक्ता तथा नेतृत्वका लागि थप बोझ बनेका छन्। त्यसको अलावा परियोजना सञ्चालन गर्नका लागि पुऱ्याउनु पर्ने विधि तथा प्रक्रियाहरूले वन समूहहरूमा प्रक्रियागत बोझहरू थप्ने काम गरेको छ।

**(ङ) स्थानीय टाठाबाठाहरूको वर्चश्व**

वन समूहहरूमा महिला, दलित, जनजाति, केही विपन्न वर्गको प्रतिनिधित्व हुने गरी कार्य समितिहरूको गठन भएको देखिए पनि व्यवहारिक रूपमा निर्णय गर्दा वा हुँदा स्थानीय स्तरमा स्थापित भइसकेका टाठाबाठाहरूकै वर्चश्व वा प्रभाव रहेको छ। जसले गर्दा सुशासन सुधारका क्रियाकलापहरू देखावटी तथा कागजी प्रतिवेदनहरूमा मात्रै सीमित हुने गरेको छ। उदाहरणका रूपमा धनकुटा जिल्लाको बुढीमोरङ गाविस स्थित बिलाउनेपाखा सावउसको विस्तृत जानकारी समूहका अध्यक्षलाई मात्रै थाहा छ तर समितिका अन्य सदस्यहरूलाई यसका बारेमा न जानकारी छ न जानकारी हुनुपर्छ भन्ने विषयमा चासो नै छ। यसैगरी भोजपुर जिल्लाको तिवारी भञ्ज्याङ गाविस स्थित हाम्फाला सावउसका अध्यक्ष वासुदेव ढकाल पनि आफ्नो वन समूहका प्रमुख पदमा पहिलेदेखि रहेका कारण समावेशीकरणका नाममा आफू रहिआएको पद गुमाउन नचाहेको कुरा उनको भनाइमा व्यक्त हुन्छ।

## २.७ सुशासन सुधारका केही चुनौतीहरू

सुशासन सुधारका क्रियाकलापहरू सञ्चालन गर्दा केही चुनौतीहरू देखिएका छन् । केही प्रमुख चुनौतीहरूको चर्चा तल गरिएको छ ।

**(क) आर्थिक असमानता तथा सामाजिक र सांस्कृतिक विविधताको गहिरो प्रभाव :** वन समूहहरूमा वास्तविक सहभागिता हुनु भनेको समुदायका सबै वर्ग, लैङ्गिक समूह, तथा जातीय समुदायहरूको भौतिक उपस्थिति मात्रै नभई सम्पूर्ण प्रक्रियाहरूमा (छलफल, नीति तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन आदि) भाग लिने, आफ्नो विचार राख्ने र आफ्ना आवश्यकता वा मागहरूलाई समेट्ने खालको निर्णय गर्ने काममा प्रभावित गर्ने हो । तर ती कुराहरूलाई व्यवहारिक रूपमा उतार्ने काम निकै जटिल छ । किनभने यस्ता कुराहरू व्यक्तिको शैक्षिक स्तर, पेशा, वर्ग, जातीय समुदाय, धर्म, लैङ्गिकता आदि जस्ता सामाजिक पृष्ठभूमि तथा सम्पन्नता र विपन्नता जस्ता आर्थिक अवस्थाहरूले प्रभाव पारिरहेका हुन्छन् । व्यक्तिको उल्लिखित पृष्ठभूमिले समूहमा आफ्नो विचार राख्न सक्ने वा नसक्ने कुराको निर्धारण गर्दछ । अर्कोतिर उसले राखेको विचार वा भनाइहरूको सुनुवाइ हुने वा नहुने कुराहरूको निर्धारण समेत उल्लिखित कुराहरूकै आधारमा हुने गरेको देखिन्छ । नेपाली समाजमा जातीय हिसाबले उच्च वा तल्लो जात, लैङ्गिक हिसाबले महिला र पुरुष, र वर्गीय हिसाबले सम्पन्न र विपन्नप्रतिको फरक व्यवहार तथा दृष्टिकोणहरू बलियो रूपमा स्थापित भएर बसेका छन् । युगौंदेखि विचार तथा व्यवहारमा गाडिएर रहेको यस्ता कुरीतिहरूलाई छोटो समय अवधिका लागि सञ्चालन गरिएका परियोजनाका क्रियालापहरूले परिवर्तन गरी सुशासन सुधार गर्ने काम निकै चुनौतीपूर्ण छ । तेह्रथुम जिल्लाको म्यागलुङ नगरपालिका स्थित उराठे सावउसका लेखासमितिका सदस्य मीननाथ दाहाल भन्नुहुन्छ,

> *"...वन परियोजनाका विभिन्न क्रियाकलापहरूले उनीहरू (दलितहरू) लाई नै फाइदा भइरहेको छ । हाम्रो समुदायमा रहेका दलितहरूको प्रतिनिधित्व हुने गरी वन समिति तथा उपसमितिहरूमा उनीहरूको प्रतिनिधि राखेका छौँ । तर उनीहरू हाम्रो मिटिङमा कहिले पनि आउँदैनन् । उनीहरू समितिमा बस्न पनि मान्दैनन् । उनीहरू यसरी नआउनुको खास कारण भनेको दैनिक रोजगारीको समस्या पनि हो ....।"*

**(ख) पितृसत्तात्मक सोच तथा व्यवहारको प्रभाव :** नेपाली ग्रामीण समाजको एक प्रमुख विशेषता भनेको पितृसत्तात्मक सोच तथा व्यवहार हो । उक्त सोच अनुसार महिला कमजोर हुन्छन्, महिलाले घरको काम (भात पकाउने, लुगा धुने, भाँडा माझ्ने, सरसफाई गर्ने, घाँस दाउरा गर्ने आदि) मात्रै गर्नु पर्दछ, महिलाले बाहिरको काम (जस्तैः– भेला, बैठक, सभा आदिमा जाने) गर्न सक्दैनन् र गर्नु हुँदैन भन्ने जस्ता विचार तथा त्यही अनुसारको व्यवहार गरिन्छ । यस्तो सोच तथा व्यवहारका कारण एकातिर महिलाहरूलाई वन समूहका विभिन्न क्रियाकलापहरूमा सहभागी गराउन निकै कठिन छ भने अर्कोतिर शारीरिक रूपमा उपस्थित भए पनि उनीहरूको सक्रिय तथा प्रभावकारी सहभागिता कमजोर नै छ । महिलाहरू घर गृहस्थीको बोझबाट मुक्त हुनु पर्दछ । उनीहरूले पुरूष सरह काम गर्न, निर्णय गर्न र नेतृत्व प्रदान गर्न सक्छन् भन्ने कुरालाई व्यवहारिक अभ्यासमा रूपान्तरण गर्न सकिएको छैन । जुन कुरा नेपाली समाजको परिवेशमा निकै चुनौतीपूर्ण छ । उदाहरणका रूपमा तेह्रथुम जिल्ला इशिबु गाविस स्थित लुकाउने चौतारो सावउसका सचिव डम्बर कुमारी भण्डारीको श्रीमान् गायत्री भण्डारी (पेशाले स्थानीय एक विद्यालयको प्रधानाध्यापक छन्) भन्नुहुन्छ,

> *"...म २०५२ सालदेखि यस वन समूहमा सचिवको काम गर्दै आएको छु । अहिले यस पदमा मेरी श्रीमतीलाई राखिएको भए पनि उनको सबै काम म आफैंले नै गर्दै छु । सचिवमा महिला राख्नुपर्ने बाध्यता भएका कारणले मात्रै हामीले मेरी श्रीमतीको नाम राखेका हौँ । घरमा सानो बच्चा छ, उनको हेरचाह गर्ने, खानपान गर्ने जस्ता कामले उनलाई यी सबै काम गर्न कहाँ फुर्सद हुन्छ*

*र ! त्यसैगरी मैले गर्दै आएको काम उनले यति सजिलो गरी न त गर्न सक्छिन् न गर्न नै भ्याउँछिन् । ...”*

यसैगरी तेह्रथुम जिल्लाको वसन्तपुर स्थित भदौरे सावउसका सचिव गीता बराल (कार्की) दुई वर्षदेखि उक्त वन समूहको सचिव पदमा हुनुहुन्छ । तर अहिलेसम्म उक्त वन समूहको कुनै पनि बैठक वा मिटिङमा नगएको कुरा बताउँछिन् । उनको अनुपस्थितिमा उक्त काम सहसचिव बोधराज निरौंलाले गर्दै आउनुभएको छ । तेह्रथुम जिल्लाकै वसन्तपुर स्थित महभिर सावउसका सचिव विनिता बाँनिया पनि दुई बर्षदेखि वन समूहको सचिव छिन् । तर उक्त समय अवधिका बीचमा भएका कुनै पनि बैठकहरूमा जान नसकेको र उनको अनुपस्थितिमा उक्त काम उनका श्रीमान्ले गर्दै आउनु भएको कुरा बताउँछिन् । यी दुवै वन समूहका सचिवहरू शैक्षिक योग्यताका हिसाबले एसएलसी पास गरेका भए तापनि वन समूहमा सक्रिय सहभागी हुन नसक्नुको प्रमुख कारण पितृसत्तात्मक सोच तथा व्यवहार नै भएको देखिन्छ ।

**(ग) वन समूहहरू व्यक्तिगत उद्देश्य परिपूर्ति गर्ने थलोको रूपमा प्रयोग हुनु :** वन समूहहरूमा सुशासनको सुधार तबसम्म हुन सक्दैन जबसम्म स्थानीय समुदाय तथा नेतृत्वले उक्त वन समूहका सम्पूर्ण क्रियाकलापहरूमा अपनत्वको विकास गरी यसैको विकास तथा प्रवर्धनका लागि मानसिक रूपमै तयार भई काम गर्दैनन् । तर कोशी पहाडी चार जिल्लामा रहेका वन समूहहरूको स्थलगत अध्ययन, अवलोकन तथा छलफल गर्दा थुप्रै सावउसका नेतृत्वहरूले स्थानीय वन समूहलाई व्यक्तिगत सामाजिक प्रतिष्ठाको आधारका रूपमा लिने गरेको देखिएको छ । खासगरी वन समूहको नेतृत्वलाई राजनीतिक तथा अन्य क्षेत्रमा नेतृत्व लिने महत्त्वपूर्ण खुट्किलाका रूपमा प्रयोग गर्ने गरेको देखिन्छ । जसले गर्दा वन समूहहरूमा सुशासन सुधारका कामहरू व्यवहारिक रूपमा ओझेलमा पर्ने गरेको छ ।

**(घ) सुशासन तथा नेतृत्व हस्तान्तरणका बीचको तालमेल :** सावउसहरूमा सुशासन सुधार गर्नका लागि एकातिर यथावत रहेका नेतृत्वहरूमा आवश्यक ज्ञान, क्षमता, तथा अनुभवहरूको विकास गर्नु छ भने अर्कोतिर समावेशीताको सिद्धान्त अनुसार नयाँ व्यक्तिहरूलाई नेतृत्वको हस्तान्तरण पनि गर्दै जानुपर्ने हुन्छ । तर नयाँ नेतृत्व चयन गर्ने विषयले वन समूहको सुशासन सुधार गर्ने काममा चुनौती थपेको छ । यसका साथै स्थापित नेतृत्वहरूले आफ्नो व्यक्तिगत उद्देश्य वा स्वार्थ (माथिल्लो बुँदामा चर्चा गरिए जस्तो राजनीतिक स्वार्थ, व्यक्तिगत प्रतिष्ठा, आन्तरिक उद्देश्य [hidden interest] आदि) परिपूर्ति नभई सहज रूपमा नेतृत्व छाड्न स्वीकार नै गर्दैनन् भने अर्कोतिर हस्तान्तरण भए पनि नयाँ कार्यसमितिमा क्षमता तथा अनुभवको अभावका कारण नेतृत्वमा थप समस्या आउने गरेको देखिन्छ । जसले गर्दा नयाँ नेतृत्व स्थापित गर्ने काम चुनौतीपूर्ण बन्ने गरेको देखिन्छ । उदाहरणका रूपमा भोजपुर जिल्लाको तिम्मा गाविस स्थित हात्तिमारे सावउसमा दुई कार्यकालको नेतृत्व सम्हाले पछि पुरानो कार्यसमितिले वि.सं. २०६९ तिर नयाँ कार्यसमितिलाई वन समूहको सम्पूर्ण नेतृत्व हस्तान्तरण गऱ्यो । तर उक्त नयाँ कार्यसमितिका धेरैजसो सदस्यहरूमा वन समूह कसरी सञ्चालन गर्ने, खातापाता तथा कागज पत्रहरू कसरी तयार गर्ने भन्ने कुराहरूका बारेमा प्राविधिक ज्ञानको अभाव भएका कारण उक्त वन समूहले हाल न नियमित बैठक सञ्चालन गर्न सकेको छ न आवश्यक प्रक्रियाहरूको सहजीकरण गरी मिति सकिएको विधान कार्ययोजना संशोधन गरी सावउसको नवीकरण नै गर्न सकेको छ । यस विषयमा उक्त वन समूहका वर्तमान अध्यक्ष यामकुमारी राई भन्नुहुन्छ, *“... हामी त न लेखपढ भएका छौँ न यस्तो कामका बारेमा अनुभव नै छ, अहिलेसम्म त हामी के गर्ने, कसरी गर्ने, के नगर्ने केही जानेका नै छैनौँ ..... ।”* उक्त घटनाले वन समूहहरूमा सुशासन सुधार वा अन्य कारणहरूले हुने गरेको नेतृत्व परिवर्तन तथा सुशासन सुधारका बीचमा तालमेल हुन नसकेको स्पष्ट देखिन्छ ।

**(ङ) स्रोतको दिगोपना तथा प्रशस्तताको अभाव :** कोशी पहाडी जिल्लाहरूमा भएका सावउसहरूलाई हेर्दा वन समूहहरूको आम्दानी न त दिगो छ न प्रशस्त नै ।

यसको प्रमुख कारण भनेको वन क्षेत्रहरूमा आर्थिक उत्पादन गर्नका लागि प्रशस्त वन स्रोत नहुनु र स्रोत भए पनि स्रोतमाथि राज्यको नियन्त्रणमुखी नीति तथा कानूनहरू हुनु हो । जसले गर्दा सम्बधित वन समूहहरू सुशासन सुधार लगायत अन्य क्रियाकलापहरूका लागि परियोजना तथा बाह्य सहयोगहरूको मुख ताक्नुपर्ने अवस्थाको सिर्जना हुँदै गएको छ । उदाहरणका रूपमा भोजपुर जिल्लाको तिम्मा गाविसमा कूल २१ वटा सावउस छन् । ती मध्ये धेरैजसो वन समूहहरूमा आन्तरिक स्रोत नभएको र स्रोत नभएकै कारण ती सावउसहरूले आफ्नो विधान कार्ययोजनाको परिमार्जन तथा नवीकरण समयमा गर्न नसकेको कुरा उक्त गाविसका सामुदायिक वन महासङ्घका अध्यक्ष निर कुमार राई बताउँछन् ।

**(च) व्यक्तिगत तथा पारिवारिक रिसिबी साँध्ने थलो बन्ने गरेको :** वन समूहहरूमा सुशासन सुधार गर्नका लागि समुदायका नेतृत्वले आर्थिक पारदर्शिता कायम गर्नुपर्दछ । अर्कोतिर नेतृत्वले समुदायका विपन्न तथा गरिब घरधुरीहरूलाई बढी लाभ दिन सक्नुपर्दछ । माथि चर्चा गरेझैं यी सम्पूर्ण काम गर्दा सिद्धान्ततः नेतृत्वले कुनै पनि लाभ पाउँदैन । अर्कोतिर वन समूहको काम गर्नु भनेको अन्य कामभन्दा प्रशासनिक हिसाबले धेरै प्रकारका कानूनी प्रक्रिया पुऱ्याउनु पर्ने हुनाले निकै झन्जटिलो हुन्छ । उक्त प्रक्रियामा कहीँ केही गल्ती भएको खण्डमा सम्बन्धित वन समूहका नेतृत्वले कानूनी सजाय भोग्नुपर्ने हुन्छ । वन क्षेत्रको उक्त झन्जटिलो कानूनी प्रक्रिया तथा नीति नियमका कारण वन समूहका नेतृत्वलाई कहीँ कतै सुशासन, आर्थिक वा वन व्यवस्थापनको खोट लगाई व्यक्तिगत, पारिवारिक तथा राजनीतिक रिसिबी पोख्ने गरेका केही उदाहरणहरू भेटिन्छ । जस्तैः– भोजपुर जिल्लाको तिम्मा गाविसमा रहेको चाँगे खरबारी सावउसमा गत २०७२ भदौ महिनामा पारिवारिक रिसिबीका कारण एक उपभोक्ता र नेतृत्वका बीच वन फँडानीको मुद्दा पऱ्यो । उक्त मुद्दा पारिवारिक रिसिबीलाई लिएर एक उपभोक्ताले वन समूहको अध्यक्षलाई वन फडानी गरेको भनी व्यक्तिगत मुद्दा लगाए पछि सुरु भयो । उक्त वन समूहमा वन समूहको साधारण सभाले वन क्षेत्रको केही भागमा अम्रिसो खेती गर्नका लागि केही साना रूखका बोटहरू फडानी गरेको थियो । तर उक्त मुद्दाले त्यस वन क्षेत्रमा फडानी गर्ने १२ उपभोक्ता घरधुरीलाई सजायको भागिदार बनायो । ती उपभोक्ताहरूलाई जिल्ला अदालतको आदेशमा केही दिन थुनामा पनि राखियो । त्यसपछि प्रति घरधुरी १० हजार देखि २५ हजारसम्म व्यक्तिगत धरौटि राखी थुनामुक्त भए । करिब छ सात महिनाको तारिखपछि मुद्दाको फैसला उनीहरूको पक्षमा त भयो तर उनीहरूले राखेको धरौटी भने फिर्ता नभएको कुरा स्थानीय समुदाय बताउँछन् । यस्ता घटनाहरूले स्थानीय वन समूहको सुशासन व्यक्तिगत तथा पारिवारिक रिसिबी साँध्ने थलोको रूपमा विकास हुनुका साथै वन समूहको नेतृत्वप्रति नै नकारात्मक भावनाको विकास गरेको छ ।

**(छ) क्रियाकलापहरूको अपनत्व तथा दिगोपना :** स्थानीय वन समूहहरूमा सुशासन सुधार गर्नका लागि सञ्चालन गरिएका क्रियालापहरूबाट ठूलै जनसङ्ख्या लाभान्वित भएको कुरा चर्चा गरिसकिएको छ । तर ती क्रियाकलापहरू परियोजनामुखी भएका कारण सम्बन्धित सावउसका सदस्य तथा नेतृत्वमा अपनत्वको भावना विकास भएको छैन । परियोजनामुखी भन्नाले परियोजनाहरूले परियोजनाकै लागि सावउसहरूलाई सहयोग गर्छन् भन्ने भावनाको विकास हुनु हो । यस्तो अवस्थाले वास्तवमा समग्र सावउसहरूको सुशासन सुधारको सम्पूर्ण प्रयासहरूमा नै गम्भीर प्रश्नहरू जन्माएको छ । उदाहरणका रूपमा बहुसरोकारवाला वन कार्यक्रम अन्तर्गत दोस्रो चरणमा सघन वन समूहहरूमा सञ्चालन गरिएका चार प्रकारका विषयगत क्रियाकलापहरू (वन व्यवस्थापन, सुशासन तथा संस्थागत विकास, जलवायु अनुकूलन र जीविकोपार्जन सुधार) को योजना निर्माण गरियो । उक्त योजनामा तत्कालीन क्रियाकलापका रूपमा उल्लेख भएका क्रियाकलापहरू सञ्चालन गर्नका लागि आर्थिक सहयोगहरू प्रदान गरियो । तर अध्ययनको सिलसिलामा भ्रमण गरिएका वन समूहहरूमा ती योजनाका बारेमा जानकारी लिंदा धेरैजसो वन समूहहरूलाई उनीहरूको योजनाको बारेमा जानकारी

नै नभएको तथा केही वन समूहहरूमा सामान्य जानकारी भए पनि विस्तृत ज्ञानको कमि भएको देखिएको छ। तर उक्त योजनाका बारेमा स्थानीय साझेदार सङ्घ संस्थाका कर्मचारीहरूलाई भने विस्तृत जानकारी भएको भेटिएको छ। यसको अर्थ वन समूहमा सञ्चालन गरिएका क्रियाकलापहरूको अपनत्व सम्बन्धित वन समूहका नेतृत्वमा छ कि छैन भन्ने प्रश्न हो। यसले वन परियोजनाका साथै वन समूहमा हुने नियमित क्रियाकलापहरूको दिगोपनाको विषयमा पनि गम्भीर प्रश्न खडा गरेको छ।

## ३. छलफल

समुदायमा आधारित वन व्यवस्थापनमा भएको सफलताको मापन गर्ने एक प्रमुख आधार भनेको सुशासन हो। यसको अर्थ वन व्यवस्थापनको नीतिगत प्रावधान तथा अभ्यासहरूमा समुदायमा रहेका सबैको सहभागिता, क्रियाकलापहरूमा नेतृत्वको जवाफदेहिता, क्रियाकलापहरूको प्रभावकारिता, क्रियाकलापहरूमा विधिको शासन, तथा सम्पूर्ण क्रियाकलापहरूमा पारदर्शिताको अवस्था हो (राई र भण्डारी २०७१, खतिवडा २०६९ र MoFSC/GoN 2010)। यसका अलावा कोशी पहाडी जिल्लाहरूमा गरिएको यस अध्ययनले वन परियोजनाहरूबाट प्रदान भएको सहयोगको निरन्तरता तथा स्थानीय सहजकर्ता तथा कर्मचारीहरूको सहजीकरणको भूमिकाले पनि स्थानीय वन समूहहरूको सफल अभ्यासमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिएको छ।

तर परियोजनाका माध्यमबाट गरिएका प्रयासहरूले सकारात्मक तथा नकारात्मक दुवै प्रकारका प्रभावहरूको सिर्जना गरेको छ। यस्ता क्रियाकलापहरू सञ्चालन गर्ने सिलसिलामा विभिन्न प्रकारका चुनौतीहरू पनि देखिएका छन्। ती चुनौतीहरूलाई चिर्दै वन समूहहरूमा उत्पन्न भएका नकारात्मक प्रभावहरूलाई आगामी दिनमा न्यूनीकरण गर्दै यस्ता क्रियाकलापहरू कसरी थप व्यवहारिक तथा परिणाममुखी बनाउन सकिन्छ भन्ने कुराका लागि थप अध्ययन तथा छलफल हुन जरुरी छ।

कोशी पहाडी जिल्लामा भएका वन समूहहरूमा सुशासन सुधारका लागि सञ्चालन गरिएका क्रियाकलापहरूको प्रभाव तथा चुनौतीहरूबाट केही निष्कर्षमा पुग्न सकिन्छ। पहिलो, सामुदायिक वन व्यवस्थापनका अभ्यासहरूमा सुशासनको सुधार कसले, किन, र कसरी गर्ने भन्ने कुरा व्यवहारिक रूपमा अन्योलको विषय बनिरहेको छ। यसका लागि समुदायमा आधारित वन व्यवस्थापनसँग सम्बन्धित सम्पूर्ण सरोकारवालाहरूका बीच गहन छलफल गरी विभिन्न सरोकारवाला निकायहरूको फरक फरक भूमिका तथा कर्तव्यका विषयमा सैद्धान्तिक तथा व्यवहारिक स्पष्टता हुन जरूरी छ।

दोस्रो, समुदायमा आधारित वन समूहहरूको विकासका लागि सञ्चालन गरिएका विभिन्न क्रियाकलापहरूमा स्थानीय समुदाय तथा नेतृत्वले वास्तविक अपनत्वको महसुस गरेको देखिँदैन। जसले गर्दा वन समूहहरूमा सञ्चालन हुने क्रियाकलापहरूको जिम्मेवारी तथा अपनत्व साझेदार सङ्घ संस्था, ती संस्थाका तर्फबाट सहजीकरण गर्ने सहजकर्ता तथा कर्मचारीहरू भन्दा तल पुग्न सकेको छैन। यदि केही तल गए पनि वन समूहका नेतृत्व तथा समुदायका केही टाठाबाठाहरूले मात्रै जिम्मेवारी लिनुपर्ने वातावरण बनेको देखिन्छ। यसका लागि सामुदायिक वन समूहका सम्पूर्ण उपभोक्ताहरूमा अपनत्वको विकास कसरी गर्न सकिन्छ भन्ने कुराको वैकल्पिक विधि, प्रक्रिया तथा अभ्यासको खोजी गरिनु पर्ने जरुरी छ।

तेस्रो, सामुदायिक वन समूहहरूमा नियमित रूपमा हुने वा हुनुपर्ने क्रियाकलापहरूको दिगोपनाका विषयमा ठूलै चुनौती देखिन्छ। यसका लागि सावउसहरू स्वायत्त संस्था हुन् भन्ने कुराको संस्थागत तथा व्यवहारिक विकास हुन जरुरी छ तर उक्त कुराको विकास हुन सकेको छैन। उक्त कुरा एकातिर सामुदायिक वनका क्रियाकलापहरू बाह्य सहयोग वा परियोजनामुखी बन्दै गएका कुराहरूले पुष्टी गरेको छ भने अर्कोतिर सम्पूर्ण सामुदायिक वन समूहहरू दिगो तथा स्वायत्त संस्थाका रूपमा सञ्चालन हुने संरचनाहरूको विकास नै हुन

सकेको छैन । जसले गर्दा सावउसहरू परियोजनामुखी बन्ने र परियोजनाहरू पनि समुदायहरू प्रति भन्दा दाताहरूप्रति उत्तरदायी बन्दै जाने प्रवृत्तिको विकास भएको देखिन्छ। परियोजनाहरू परियोजनाकै लागि नभएर समुदायले समुदायकै लागि गर्ने क्रियाकलापका रूपमा कसरी विकास गर्न सकिन्छ भन्ने अभ्यासको विकास हुन नितान्त आवश्यक छ। यसका लागि सावउसहरू स्रोतको दृष्टिले दिगो तथा संरचनाका हिसावले स्वायत्त हुन जरुरी हुन्छ ।

यस सन्दर्भमा समुदायलाई बाहिरबाट जबर्जस्ती लादिएका नीति, नियम, कानून तथा क्रियाकलापमा समुदायका व्यक्तिले वास्तविक अपनत्वको महसुस गर्न सक्दैन भन्ने विचार (Ostrom *et al.* 1992) पुरानो भए पनि सान्दर्भिक देखिन्छ । स्थानीय समदायमा स्वशासन सम्भव छ र उक्त कुरा दिगो बन्नका लागि समुदायमा रहेको संरचनालाई मजबुद बनाउनु महत्त्वपूर्ण हुन्छ (Ostrom *et al.* 1992) भन्ने तर्क निकै सान्दर्भिक छ । यसै सन्दर्भमा जेम्स स्कटले राज्यले ग्रामीण क्षेत्रमा रहेका कृषक समुदायलाई विभिन्न नीति, कानून, तथा कार्यक्रमहरूका माध्यमबाट दमनको नीति थोपर्दै जाँदा ती समुदायहरूले पनि स्थानीय स्तरमा आफ्नै तरिकाको विरोध तथा प्रतिरोधहरू गर्दछन् भन्ने कुरा गर्दछन् (Scott 1985, Scott 1990, Scott 1998)। सुशासनका विभिन्न आयामहरूको कुरा गर्दा विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी सङ्घ संस्थाहरूले खुला बजार तथा गैरसरकारी सङ्घ संस्थामुखी सुशासन प्रणालीहरूको विकास गरेको हुन्छ भन्ने तर्क पनि त्यतिकै सान्दर्भिक छ। उक्त प्रणालीहरूले राज्य केन्द्रित नीति निर्माणका शक्तिहरू तथा नीति निर्माणको परम्परापत प्रणालीहरूमाथि समालोचनात्मक टिप्पणी तथा चुनौतीहरू दिन सकेका छन् कि छैन भन्ने कुराको विश्लेषण गरिनुपर्ने तर्क गरिएको छ (Cashore 2002)। यस्ता प्राज्ञिक बहसहरूले नेपालमा अभ्यास गरिएका समुदायमा आधारित वन समूहको सुशासन सुधारका उत्तम विकल्पहरूको खोजी गर्ने कामको व्यवहारिक पक्षहरूमा सैद्धान्तिक आधारहरू प्रदान गर्दछ ।

## ४. निष्कर्ष

स्थानीय वन समूहहरूमा सुशासन सुधार गर्नका लागि विभिन्न प्रकारका क्रियाकलापहरू सञ्चालन गरिएका छन्। सञ्चालन गरिएका क्रियाकलापहरूले सम्बन्धित वन समूहहरूको (कार्यक्रम अन्तर्गतका क्रियालापहरू सञ्चालन भएका सावउसहरू) सुशासनको सुधार गर्ने काममा केही योगदान पुऱ्याएको देखिन्छ। तर सञ्चालित क्रियाकलापहरू विगतका परियोजनाहरू (जस्तैः– एलएफपी, नुकसेफ, खार्डेप आदि) भन्दा व्यवहारिक हिसाबले पृथक् बन्न सकेको देखिँदैन । जसले गर्दा स्थानीय वन समूहहरूमा परियोजनाहरूका कारण सिर्जना भएका नकारात्मक प्रभावहरूको निरन्तरता भएको छ। परिणामस्वरूप वन समूहहरूमा केन्द्रित विभिन्न परियोजनाहरू सञ्चालन गर्ने सङ्घ संस्थाहरूको भूमिकाको आवश्यकता तथा सान्दर्भिकतामा नै प्रश्न उठ्ने वा उठाउनु पर्ने अवस्थाको सिर्जना भएको छ। एकातिर स्थानीय वन समूहहरू परियोजनामुखी बन्ने कुराको निरन्तरता भएको छ भने अर्कोतिर यी क्रियाकलापहरू न त दिगो बन्न सकेका छन् न स्थानीय समुदायमा अपनत्वको भावना नै विकास हुन सकेको छ। यसैगरी यी क्रियाकलापहरूले समुदायमा व्याप्त सामाजिक विभेदता तथा असमानता (जस्तैः– लंङ्गिक, जातीय, आर्थिक) हरूलाई व्यवहारिक रूपमा चुनौती दिने काम पनि गर्न सकेको देखिँदैन ।

सुशासन सुधारका क्रियाकलापहरूले समुदायमा पारेको प्रभाव तथा ती क्रियाकलापहरू सञ्चालन गर्दा देखिएका विभिन्न चुनौतीहरूलाई हेर्दा नेपालमा वन परियोजना सञ्चालन प्रक्रियाको ढाँचा तथा संरचनामा सिर्जनात्मकताको अभाव रहेको देखिन्छ। परियोजनाहरूको ढाँचा तथा संरचनामा सिर्जनात्मकता भनेको के हो भन्ने कुराका बारेमा यस लेखले यथेष्ट रूपमा चर्चा गर्न नसके पनि सामान्य अर्थमा भन्नुपर्दा यस्ता परियोजनाहरूको ढाँचा तथा प्रक्रियाहरू परिमार्जित हुनुपर्दछ भन्न खोजिएको हो । यसका लागि सबैभन्दा महत्त्वपूर्ण कुरा भनेको सञ्चालित विभिन्न क्रियाकलापहरूको नेतृत्व तथा अपनत्व सम्बन्धित

वन समूहहरूले नै लिने वातावरण तथा अवस्थाको सिर्जना गर्ने हो । यसका लागि स्थानीय वन समुहहरू आर्थिक रूपले आत्मनिर्भर तथा प्रशासनिक हिसाबले स्वायत्त हुन सक्नु पर्दछ । तर उक्त कुरा अहिलेसम्मको वन व्यवस्थापनको नीति तथा अभ्यासका आँखाबाट हेर्दा निकै कठिन देखिन्छ । वन क्षेत्रसँग सम्बन्धित परियोजनाका क्रियाकलापहरूले यस्ता खालको परिणामहरू ल्याउने कामको सुरुआत नगर्ने हो भने नेपालमा समुदायमा आधारित वन व्यवस्थापनको सैद्धान्तिक अवधारणा तथा अभ्यासको सान्दर्भिकतामा नै विस्तारै प्रश्नहरू उठ्दै जान सक्ने सम्भावनाहरू बढ्दै जान सक्दछ । यसकारण नेपालमा वन क्षेत्रका सम्पूर्ण सरोकारवालाहरूले समुदायद्वारा व्यवस्थित वन समूहहरूको सुशासनमा सुधार ल्याउनका लागि गरिने पहल तथा सहयोगहरूको ढाँचा तथा संरचनाका बारेमा बृहत् तथा गहन छलफलको थालनी गर्नु गर्दछ ।

## सन्दर्भ सामग्रीहरू


**Acharya, K. P.** 2002. Twenty-four Years of Community Forestry in Nepal. *International Forestry Review. 4*. 149-156.

**Carter, J., Pokharel, B. and Rai-Parajuli, R.** 2011. Two Decades of community forestry in Nepal: What have we learned? Nepal Swiss Community Forestry Project. Kathmandu.

**Chhetri, R. B.** 2006. From Protection to Poverty Reduction: A Review of Forestry Policies and Practices in Nepal. *Journal of Forst and Livelihood. 5(1)*. 66-76.

**DFRS.** 2015. State of Nepal's Forests. Forest Resource Assessment (FRS) Nepal. Department of Forest Resoruces and Survey (DFRS). Kathmandu. Nepal.

**DVN and NORMS.** 2013. District Baseline Development Report (Shankhuwasabha. Bhojpur and Tehrathum Districts). Multi Stakeholder Foresttry Program (MSFP). Kathamndu.

**RRN/ForestAction Nepal**. 2014/2015. MSFP Lot one Period Reports. Rural Reconstruction Nepal (RRN) and ForestAction Nepal (FA) Kathmandu.

**Gautam, A. P., Shivakoti, G. P., & Webb, E. L.** 2004. A review of forest policies. institutions. and changes in the resource condition in Nepal. *International Forestry Review. 6(2)*. 136-148.

**Graner, E.** 1997. *The Political Ecology of Community Forestry in Nepal.* Saarbrucken Verlag fur Entwicklungspolitik.

**Graner, E.** 1999. Forest policies and access to forests in Nepal: winners and losers. In R. B. Chhetri. & O. P. Gurung. *Anthropology and sociology of Nepal: cultures. societies. ecology and development* (pp. 212-224). Kathmandu: Sociological and Anthropological Assiciation of Nepal (SASON).

**Hill, I.** 1999. Forest Management in Nepal. World Bank Technical Paper 445. Washington DC.

**Ives, J. D., & Messerli, B**. 1989. *The Himalayan Dilemma: Reconciling Development and Conservation.* London and New York: Routledge.

**LFP,** 2013. A Decade of the Livelihoods and Forestry Program. Livelihood and Forestry Program (LFP). Kathmandu.

**Mahanty, S., Gronow, J., Nurse, M., and Malla, Y. B.** 2006. Reducing Poverty through Community Based Forest Management in Asia. *Journal of Forest and Livelihood. 5(1)*. 78-89.

**Malla, Y. B., Neupane, H. R., & Branney, P. J.** 2003. Why aren't poor people benefiting more from community forestry? *Journal of Forest and Livelihood. 3(1)*. 78-90.

**MoFSC/GoN.** 2010. Forest Sector Gender and Social Inclusion Strategy. Ministry of Forest and Soil Conservation. Singhadurbar. Kathmandu.

**MoFSC/GoN.** 2013. Persistence and Change: Review of 30 years of community forestry in Nepal. Ministry of Forest and Soil Conservation. Government of Nepal. Kathmandu.

**MoFSC/GoN.** 2014. National Biodiversity Strategy and Action Plan (NBSAP) 2014-2020. Government of Nepal (GoN). Ministry of Forest and Soil Conservation (MoFSC). Kathmandu.

**MoFSC/GoN.** 2014. Review of Implementation of the Master Plan for the Forestry Sector: Achievements and Lessons. The Ministry of Forests and Soil Conservation. Singh Durbar. Kathmandu.

**NSCFP/GoN.** 2011. Two Decades of Community Forestry in Nepal. What Have we Learned? NSCFP. Kathmandu

**Ostrom, E., Walker, J. and Gardner, R.** 1992. Covenants with and without a Sword: Self-Governance is Possible. American Political Science Review. Vol. 86(2). pp. 404-417.

**Scott, J.** 1985. Weapons of the Weak: Everyday Forms of Peasant Resistance. Yale University Press. New Heaven and London.

**Scott, J.** 1990. Domination and Art of Resistance: Hidden Transcript. Yale University Press. New Heaven and London.

**Scott, J.** 1998. Seeing Like a State: *How Certain Schemes to Improve the Human Condition Have Failed.* Yale University Press. New Heaven and London.

**खतिवडा, भोला** । २०६९ । वन अभियान "खुराक" । समुदायमा आधारित वन सहजकर्ता सञ्जाल (कफ्सन), नेपाल र हिमालयन ग्रामीण प्राकृतिक स्रोत व्यवस्थापन महिला समूह (हिमवन्ती) नेपाल ।

**जिवका, तेह्रथुम ।** २०७२ । कार्यक्रमको प्रगति तथा सामुदायिक वनहरूको अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन । जिल्ला वन कार्यालय (जिवका)। तेह्रथुम, नेपाल ।

**जिवका, धनकुटा ।** २०७२ । कार्यक्रमको प्रगति तथा सामुदायिक वनहरूको अनुगमन तथा मूल्याकन प्रतिवेदन । जिल्ला वन कार्यालय (जिवका)। धनकुटा, नेपाल ।

**जिवका, भोजपुर ।** २०७२ । कार्यक्रमको प्रगति तथा सामुदायिक वनहरूको अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन । जिल्ला वन कार्यालय (जिवका)। भोजपुर, नेपाल ।

**जिवका, सङ्खुवासभा** । २०७२ । कार्यक्रमको प्रगति तथा सामुदायिक वनहरूको अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन । जिल्ला वन कार्यालय (जिवका)। सङ्खुवासभा, नेपाल ।

**फेकोफन** । २०६० । कानुनी स्रोत पुस्तिका । काठमाडौं ।

**फेकोफन** । २०६७ । सामुदायिक वन उपभोक्ता समूह : सुशासन आँकलन सहयोगी पुस्तिका । काठमाडौं ।

**वन विभाग** । २०६५ । सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन, दोस्रो परिमार्जन, २०६५ । काठमाडौं ।

**राई, जैलबकुमार, भण्डारी, कमल ।** २०७१ । सामुदायिक वनमा सुशासन सुदृढीकरणका लागि सहयोगी पुस्तिका । फरेष्टएक्सन नेपाल र आरआरएन, काठमाडौ ।